केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२५/०७०/७१ मिति: २०७१/०३/०१

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

**अमेरिकी कानुन Foreign Account Tax Compliance Act (FATCA) सम्बन्धमा ।**

महाशय,

अमेरिकी कानुन Foreign Account Tax Compliance Act (FATCA) 2010 अनुसार गैर अमेरिकी वित्तीय संस्थाहरुले अमेरिकी करदाता र उनीहरुको स्वामित्व भएका निकायहरुको कारोवारको विवरण अमेरिकी आन्तरिक राजस्व सेवालाई जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ । उक्त कानुन अनुसार कारोवारको जानकारी गराउने निकायहरुमा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु समेत पर्ने हुँदा ति संस्थाहरुले कारोवारको विवरण आदान प्रदान गर्न नेपाल सरकारले अमेरिकी सरकारसँग अन्तरसरकारी सम्झौता (Inter-Governmental Agreement) गर्नुपर्ने व्यवस्था रहेको छ । तर, नेपाल सरकारले यस सम्बन्धमा अन्तरसरकारी सम्झौता गरिनसकेको अवस्थामा वैकल्पिक व्यवस्था सरह बैंक तथा वित्तीय संस्थाहरुले अमेरिकी आन्तरिक राजस्व सेवाको वेभसाईट www.irs.gov/fatca-registration मा दर्ता भई अमेरिकी करदाताहरुको खाता सम्बन्धी विवरण उपलब्ध गराउनु पर्ने हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ । यस निर्देशन बमोजिम अमेरिकी आन्तरिक राजस्व सेवालाई खाता सम्बन्धी विवरण उपलब्ध गराउँदा सम्बन्धित संस्थाले आफ्ना सम्बन्धित ग्राहकको लिखित सहमति लिई सुचना प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तीनकुने, काठमाण्डौं ।
१४. श्री नेपाल लघुवित्त वैकर्स संघ, नयाँ बानेश्वर, काठमाण्डौं ।